जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७३ | २०८३ साल जेठ ०५ गते मंगलवार | Tuesday-19-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## पक्राउ परेका तेस्रोलिङ्गीको रिहाइ माग्दै बारामा प्रदर्शन, तीन जना नियन्त्रणमा

***शु.आ. सम्बाददाता***
***बारा, ०४ जेठ***

कुटपिट तथा अभद्र व्यवहार सम्बन्धी मुद्दामा पक्राउ परेका एक जना तेस्रोलिङ्गी व्यक्तिलाई रिहा गर्न माग गर्दै सोमबार जिल्ला प्रहरी कार्यालय बारा अगाडि प्रदर्शन भएको छ । प्रदर्शनका क्रममा केही व्यक्तिले अर्धनग्न तथा नग्न प्रदर्शन गरेपछि स्थिति तनावग्रस्त बनेको थियो । प्रदर्शन नियन्त्रणका क्रममा प्रहरीले बल प्रयोग गर्नुका साथै थप तीन जनालाई नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरीका अनुसार कलैया उपमहानगरपालिका-५ निवासी महमद सरिफ मियाँ भाँडको जाहेरीका आधारमा वडा नम्बर १४ घर भई हाल वडा नम्बर ६ बस्दै आएका "खुश्बु" भनिने अफजल मियाँ दर्जीविरुद्ध अभद्र व्यवहार मुद्दामा अनुसन्धान भइरहेको थियो । सोही क्रममा आइतबार उनलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको न्यायिक हिरासतमा राखिएको प्रहरीले जनाएको छ ।



पक्राउ परेका व्यक्तिलाई रिहा गर्न माग गर्दै सोमबार बिहान करिब १०:२५ बजेदेखि तेस्रोलिङ्गी समुदायका व्यक्तिहरू तथा समर्थकहरू जिल्ला प्रहरी कार्यालयको मूल गेट अगाडि भेला भएर नाराबाजी गर्न थालेका थिए । प्रदर्शनकारीहरूले सडक अवरोध गर्नुका साथै आवतजावत गर्ने सर्वसाधारण तथा सवारी साधनलाई प्रभावित बनाएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराको प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक विजयराज पण्डितको अनुसार प्रदर्शनका क्रममा होहल्ला, अशान्ति तथा नग्नता प्रदर्शन भएको थियो । स्थिति नियन्त्रणका लागि प्रहरी बरिष्ठ नायब निरीक्षक विनोद राना मगरको कमाण्डमा टोली परिचालन गरिएको थियो । प्रहरीले सम्झाइबुझाइ गर्दा उल्टै प्रहरीमाथि गालीगलौज, अपशब्द प्रयोग तथा अभद्र व्यवहार गर्न खोजिएको थियो रु

प्रहरीले सार्वजनिक शान्ति तथा सुरक्षामा अवरोध पुऱ्याएको आरोपमा तीन जनालाई नियन्त्रणमा लिएको जनाएको छ । नियन्त्रणमा लिइएकामध्ये रौतहट देवाही गोनाही गाउँपालिका-५ निवासी २६ वर्षीया

बाँकी तेश्रो पृष्ठमा

## किसानका पक्षमा सांसद चन्दन सिंहको आवाज : "किसान बलियो भए देश बलियो हुन्छ"

***शु.आ. सम्बाददाता***
***बारा, ०४ जेठ***




चन्दन कुमार सिंह ले किसानको समस्या समाधान बिना देशको अर्थतन्त्र र भविष्य दुवै सुदृढ हुन नसक्ने बताउनुभएको छ । सोमबार बसेको प्रतिनिधि सभा को बैठकमा बोल्दै बारा क्षेत्र नं. २ बाट निर्वाचित सांसद सिंहले कृषि क्षेत्रको वर्तमान अवस्था, किसानले भोगिरहेका समस्याहरू तथा राज्यको जिम्मेवारीबारे स्पष्ट धारणा राख्नुभएको हो । सांसद सिंहले नेपाल कृषिप्रधान देश भए पनि किसान अझै मलखाद, उन्नत बिउ, सिंचाइ, कृषि विद्युत् तथा उत्पादनको उचित मूल्य जस्ता आधारभूत समस्याबाट पीडित रहेको उल्लेख गर्नुभयो । उहाँले किसानको मेहनत र पसिनाको सम्मान नगरी समृद्ध नेपाल निर्माण सम्भव नरहेको धारणा व्यक्त गर्नुभयो ।

"कृषि नै हाम्रो देशको मुख्य आधार हो । किसान कमजोर भए देशको अर्थतन्त्र र भविष्य दुवै कमजोर हुन्छ," सांसद सिंहले संसदमा बोल्दै भन्नुभयो, "किसान बलियो भए मात्रै देश बलियो हुन्छ ।" उहाँले समयमै मलखाद उपलब्ध गराउन नसक्नु, सिँचाइको अभाव, उत्पादन लागत बढ्दै जानु तथा बजारको अस्थिरताले किसान निराश बन्दै गएको बताउनुभयो । विशेषगरी तराई-मधेशका किसानहरू खेतीपातीको मुख्य समयमा मल अभाव झेल्न बाध्य भएको उल्लेख गर्दै उहाँले सरकारले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने माग गर्नुभयो ।

सांसद सिंहले कृषि उत्पादन वृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सरकारले किसानमैत्री नीति ल्याउनुपर्नेमा जोड दिनुभयो । उहाँले कृषि क्षेत्रलाई केवल नारामा सीमित नराखी व्यवहारिक रूपमा लगानी, प्राविधिक सहयोग तथा बजार व्यवस्थापनमा राज्य गम्भीर बन्नुपर्ने बताउनुभयो ।

कृषि विद्युत्को पहुँच विस्तार, आधुनिक सिंचाइ प्रणाली, सहुलियत कृषि ऋण तथा उत्पादनको न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्न सके किसानको जीवनस्तरमा उल्लेखनीय सुधार आउने उहाँको भनाइ थियो । साथै उहाँले युवा पुस्तालाई कृषि क्षेत्रमा आकर्षित गर्न आधुनिक प्रविधिसहितको कृषि नीति आवश्यक रहेको धारणा राख्नुभयो ।

सांसद चन्दन सिंहको संसदमा व्यक्त धारणा अहिले किसानका वास्तविक समस्यालाई मुखरित गर्ने सशक्त आवाजका रूपमा हेरिएको छ । किसानको पक्षमा स्पष्ट रूपमा उभिँदै उहाँले उठाएका विषयले कृषि क्षेत्रप्रति राज्यको ध्यानाकर्षण गराउने अपेक्षा गरिएको छ ।

## हुलाकी राजमार्ग अन्तर्गत बागमती पुल १५ वर्षदेखि अलपत्र, डुंगाकै भरमा जोखिमपूर्ण यात्रा

***शु.आ. सम्बाददाता***
***रौतहट, ०४ जेठ***

रौतहट र सर्लाही जिल्लालाई जोड्ने हुलाकी राजमार्गअन्तर्गत बागमती नदीमाथि निर्माणाधीन पुल १५ वर्षदेखि अलपत्र अवस्थामा रहँदा स्थानीय बासिन्दाले अझै पनि सास्ती खेप्नुपरेको छ । निर्माण कार्यमा भएको चरम ढिलासुस्तीका कारण सर्वसाधारण नागरिक ज्यान जोखिममा राखेर काठे डुंगामार्फत नदी वारपार गर्न बाध्य भएका छन् ।

रौतहटको दुर्गाभगवती गाउँपालिका वडा नम्बर ५ बडहर्वादेखि सर्लाही जोड्ने उक्त पुल हुलाकी राजमार्गकै महत्वपूर्ण संरचनामध्ये एक मानिन्छ । तर वि.सं. २०६७ सालमा शिलान्यास गरिएको पुल अझै सम्पन्न हुन नसक्दा स्थानीयको दैनिक जीवन कष्टकर बनेको छ ।




स्थानीयका अनुसार किसान, विद्यार्थी, मजदुर, बिरामी तथा साना सवारी चालकहरू अहिले पनि बागमती नदी पार गर्न काठे डुंगाको सहारा लिन बाध्य छन् । विशेषगरी वर्षायाम नजिकिँदै जाँदा नदीमा पानीको बहाव बढ्ने भएकाले दुर्घटनाको जोखिम अझ बढी हुने चिन्ता स्थानीयले व्यक्त गरेका छन् ।

उक्त पुलको शिलान्यास तत्कालीन प्रधानमन्त्री माधव कुमार नेपाल ले २०६७ जेठ ३१ गते गरेका थिए । तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित ६३३ मिटर लामो पुल निर्माणको ठेक्का लुम्बिनी बिल्डर्सले करिब ३५ करोड ८९ लाख रुपैयाँमा लिएको थियो । तर निर्माणको सम्पूर्ण काम पप्पु कन्स्ट्रक्सन मार्फत अगाडि बढाइएको बताइन्छ ।

सम्झौता भएको डेढ दशक पुग्न लाग्दा पनि पुल निर्माण अधुरै रहनुले सरकारी विकास आयोजनाको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको स्थानीयको गुनासो छ । "विकास र समृद्धिका ठूला कुरा गरिन्छ, तर हाम्रो आँखाअगाडि पुल वर्षौंदेखि कंकालझैँ ठडिएको छ," एक स्थानीय बासिन्दाले आक्रोश व्यक्त गर्दै भने, "हाम्रो दुःख देख्ने कोही छैन ।" पुल निर्माणमा देखिएको ढिलासुस्तीका कारण दुई जिल्लाबीचको व्यापारिक, सामाजिक तथा पारिवारिक

बाँकी तेश्रो पृष्ठमा

## राष्ट्रिय आर्थिक गणना-२०८२ सफल बनाउन स्थानीय तहहरूको आग्रह

***शु.आ. सम्बाददाता***
***बारा, ०४ जेठ***




सिम्रौनगढ नगरपालिका तथा बारागढी गाउँपालिका ले राष्ट्रिय आर्थिक गणना-२०८२ सफल बनाउन उद्योगी, व्यवसायी तथा आर्थिक गतिविधिसँग सम्बन्धित सम्पूर्ण सरोकारवालालाई सक्रिय सहभागिताका लागि आग्रह गरेका छन् । दुवै स्थानीय तहले छुट्टाछुट्टै अनुरोध पत्र सार्वजनिक गर्दै आर्थिक गणना राष्ट्रको वास्तविक आर्थिक अवस्थाको चित्र प्रस्तुत गर्ने महत्वपूर्ण आधार भएकाले आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्न अपिल गरेका हुन् ।

राष्ट्रिय तथ्याङ्क कार्यालय ले "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल नारासहित सञ्चालन गरिरहेको दोस्रो राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत देशभर स्थलगत तथ्याङ्क संकलन कार्य भइरहेको जनाइएको छ । मिति २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म सञ्चालन हुने उक्त कार्यक्रमअन्तर्गत जिल्ला आर्थिक गणना कार्यालय, बाराबाट गणक तथा सुपरिवेक्षकहरू परिचालन गरी तथ्याङ्क संकलनको कार्य भइरहेको बताइएको छ ।

सिम्रौनगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिरबहादुर साह लहेरा तथा बारागढी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुकेश कुमार मिश्र द्वारा हस्ताक्षरित अनुरोध पत्रमा औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलाप सञ्चालन गर्ने सम्पूर्ण प्रतिष्ठान तथा व्यवसायलाई गणनामा सहभागी हुन आग्रह गरिएको छ ।

अनुरोध पत्रअनुसार कृषि, वन तथा माछापालन, खानी तथा उत्खनन्, औद्योगिक उत्पादन, विद्युत्, ग्यास, पानी आपूर्ति, ढल व्यवस्थापन, निर्माण, थोक तथा खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत, यातायात, होटल तथा भोजन सेवा, सूचना तथा सञ्चार, वित्तीय तथा बीमा सेवा, घरजग्गा कारोबार, शिक्षा, स्वास्थ्य,

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### बढ्दो अपराध : समाज र सरोकारवालाका लागि चेतावनी

जिल्ला प्रहरी कार्यालय बारा ले सार्वजनिक गरेको वैशाख महिनाको प्रगति विवरणले जिल्लामा अपराध, घरेलु हिंसा, लागूऔषध र सवारी दुर्घटनाको अवस्था गम्भीर बन्दै गएको संकेत गरेको छ । एक महिनामै १४१ वटा विभिन्न अपराधका मुद्दा दर्ता हुनु, १८३ वटा घरेलु हिंसाका उजुरी आउनु तथा १३ जनाले आत्महत्या गर्नु समाजमा बढ्दो असुरक्षा र मानसिक तनावको प्रतिबिम्ब हो ।

विशेषगरी महिला तथा बालबालिका सम्बन्धी उजुरीको संख्या चिन्ताजनक छ । घरेलु हिंसाका अधिकांश पीडित युवा उमेर समूहका हुनु सामाजिक तथा पारिवारिक सम्बन्ध कमजोर बन्दै गएको संकेत हो । त्यस्तै लागूऔषध सम्बन्धी मुद्दा र ब्राउन सुगरजस्ता पदार्थ बरामद हुनु युवापुस्तामाथि बढ्दो जोखिमको चेतावनी पनि हो ।

सवारी दुर्घटनाको अवस्था पनि उत्तिकै गम्भीर देखिएको छ । एक महिनामा १५८ दुर्घटना हुनु र ६ जनाले ज्यान गुमाउनु सामान्य विषय होइन । प्रहरीकै निष्कर्षअनुसार चालकको लापरवाही दुर्घटनाको मुख्य कारण हुनु सडक अनुशासन अझ कमजोर रहेको प्रमाण हो ।

सकारात्मक पक्ष के छ भने प्रहरीले फरार प्रतिवादी पक्राउ, सचेतनामूलक कार्यक्रम, सुरक्षा गस्ती तथा ट्राफिक निगरानीलाई निरन्तरता दिएको छ । विद्यालय तथा समुदाय केन्ि्रत कार्यक्रममार्फत हजारौं नागरिकलाई सचेत बनाउने प्रयास प्रशंसनीय छ । तर अपराध नियन्त्रण केवल प्रहरीको जिम्मेवारी मात्र होइन । परिवार, विद्यालय, स्थानीय तह र समाज सबैले आ-आˆनो जिम्मेवारी पूरा गर्न आवश्यक छ । तथ्याङ्कले देखाएको अवस्था केवल प्रहरी प्रतिवेदन नभई समाजका लागि चेतावनी पनि हो । अपराध, हिंसा र दुर्व्यसन नियन्त्रणका लागि अब कडा कानुनी कार्यान्वयनसँगै सामाजिक चेतना र जिम्मेवार नागरिक सहभागिता अपरिहार्य बनेको छ ।

# सम्भव छ कृषिलाई आत्मनिर्भर ?



**विष्णु बेल्वासे**

राज्यले कृषि क्षेत्रलाई केवल जीविकोपार्जनको माध्यम होइन, राष्ट्रिय अर्थतन्त्रको रणनीतिक आधारका रूपमा हेर्नुपर्छ ।

नेपालमा कृषि क्षेत्रमा आश्रित जनसंख्या अझै पनि ठूलो छ । नेपालको कृषि जनगणना तथा विभिन्न अध्ययनअनुसार देशका ४८ देखि ६० प्रतिशत घरधुरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेसासँग जोडिएका छन् । हिमाली क्षेत्रमा यो निर्भरता करिब ७६ प्रतिशत, पहाडमा ५८ प्रतिशत र तराईमा ५५ प्रतिशत रहेको पाइन्छ । हिमाली क्षेत्रमा उद्योग र सेवा क्षेत्रको पहुँच कम भएकाले कृषिमाथिको निर्भरता अझै उच्च छ भने पहाडी क्षेत्रमा वैदेशिक रोजगारीले कृषि श्रमशक्ति तीव्र रूपमा घटाएको छ । उर्वर भूमिको केन्द्र मानिने तराईमा समेत उद्योग, सेवा क्षेत्र र पछिल्ला वर्षमा वैदेशिक रोजगारीको प्रभावले कृषि पेसाप्रति आकर्षण क्रमशः घट्दै गएको देखिन्छ ।

नेपालको कृषि प्रणाली अझै पनि परम्परागत ढाँचामा आधारित छ । सानो तथा खण्डीकृत जमिन, बढ्दो उत्पादन लागत, पर्याप्त सिँचाइको अभाव, गुणस्तरीय बिउ र मलको अनियमित आपूर्ति, प्रविधिमा सीमित पहुँच, कमजोर भण्डारण प्रणाली र अस्थिर बजार व्यवस्थापनका कारण कृषि दिनप्रतिदिन जोखिमपूर्ण पेसाका रूपमा परिणत हुँदै गएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षित जीवनको खोजीमा ग्रामीण क्षेत्रबाट सहरतर्फ बसाइँसराइ बढ्दै जाँदा कृषि क्षेत्रमा श्रमिक अभावसमेत गम्भीर बन्दै गएको छ । कतिपय क्षेत्रमा खेतीयोग्य जमिन बाँझो रहनु यही संकटको संकेत हो ।

पछिल्लो दुई दशकमा विप्रेषणले नेपालको अर्थतन्त्र धानेको छ । तर विप्रेषणबाट प्राप्त ठूलो हिस्सा उत्पादनशील क्षेत्रमा लगानी हुनुको सट्टा उपभोग र आयातमा खर्च भइरहेको छ । कृषि तथा खाद्यजन्य वस्तुको आयात प्रत्येक वर्ष बढिरहेको छ । अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षणअनुसार चालु आर्थिक वर्षको पहिलो सात महिनामै करिब २०५ अर्ब रुपैयाँबराबरको कृषि आयात भइसकेको छ । फलफूल, तरकारी, तेल, धान, मकैदेखि सामान्य खाद्यान्नसम्ममा आयात निर्भरता बढ्नु खाद्य सुरक्षाका दृष्टिले चिन्ताजनक संकेत हो ।

यान्त्रिकीकरण, हरितगृह खेती, व्यावसायिक तरकारी तथा फलफूल उत्पादन, कृषि प्रशोधन उद्योग र जैविक उत्पादनलाई प्राथमिकतामा राख्दै कृषि क्षेत्रलाई उद्यमशील र प्रतिस्पर्धी बनाउनुपर्छ ।

दीर्घकालीन नीति, प्रभावकारी कार्यान्वयन, निजी क्षेत्रको लगानी र युवाको सहभागितामार्फत मात्र नेपाल कृषि क्षेत्रमा आत्मनिर्भर बन्न सक्छ ।

कृषि आत्मनिर्भरता कमजोर हुनुका पछाडि संरचनागत र नीतिगत दुवै कारण छन् । किसानले उत्पादन त गर्छन्, तर उत्पादनको उचित मूल्य पाउँदैनन् । बजार पहुँच कमजोर छ, बिचौलियाको प्रभाव बलियो छ र न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । कृषि क्षेत्रमा दीर्घकालीन योजना, अनुसन्धान, उत्पादन-आधारित अनुदान तथा परिणाममुखी कार्यान्वयनको अभावले उत्पादनशीलता अपेक्षाअनुसार बढ्न सकेको छैन ।

कृषि पेसाले सम्मान, स्थायित्व र प्रतिफल नदिएसम्म युवा पुस्तालाई यस क्षेत्रमा टिकाइराख्न कठिन हुन्छ । अब परम्परागत सोच र सीमित वितरणमुखी कार्यक्रमले मात्र कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन सकिँदैन । कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक र प्रतिस्पर्धी बनाउने दिशामा राज्यले स्पष्ट रणनीति लिन आवश्यक छ । कृषि केवल गुजारामुखी पेसा होइन, उत्पादन, रोजगारी र राष्ट्रिय अर्थतन्त्रको मुख्य आधार हो भन्ने विश्वास स्थापित गर्न जरुरी छ ।

तीन तहका सरकारको स्पष्ट जिम्मेवारी : कृषि विकासका लागि संघीय, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय अत्यन्त आवश्यक छ । संघीय सरकारले राष्ट्रिय कृषि नीति, दीर्घकालीन योजना, कृषि अनुसन्धान, ठूला सिँचाइ आयोजना, बिउ-मल आपूर्ति, कृषि बिमा र राष्ट्रिय बजार प्रणालीको व्यवस्थापन गर्नुपर्छ । प्रदेश सरकारले आफ्नो भूगोल, हावापानी र सम्भावनाअनुसार कृषि कार्यक्रम, मध्यमस्तरीय सिँचाइ आयोजना, प्राविधिक तालिम र क्षेत्रीय बजारीकरणलाई प्राथमिकता दिनुपर्छ । स्थानीय सरकारले किसानसँग प्रत्यक्ष समन्वय गर्दै साना सिँचाइ आयोजना, प्राविधिक सेवा, कृषि सहकारी, स्थानीय उत्पादनको बजारीकरण तथा उत्पादन-आधारित कार्यक्रम सञ्चालन गर्नुपर्छ । तर व्यवहारमा अझै पनि तीन तहबीच समन्वय कमजोर छ । एउटै प्रकृतिका कार्यक्रम दोहोरिने, स्रोत छरिने र प्रभाव मापन नहुने समस्या व्यापक छ । कृषि क्षेत्रमा परिणाममुखी योजना, स्पष्ट कार्यविभाजन र तीनै तहका सरकारबीच प्रभावकारी समन्वयबिना दिगो कृषि कार्यक्रमको कार्यान्वयन सम्भव छैन ।

युवालाई कृषितर्फ आकर्षित गर्नुपर्छ : नेपालमा कृषि श्रमशक्ति तीव्र रूपमा घटिरहेको छ । लाखौं युवा विदेश पलायन भइरहेका बेला कृषि क्षेत्रमा श्रमिक अभाव बढ्दै गएको छ । यस्तो अवस्थामा कृषि क्षेत्रलाई युवामैत्री बनाउनु अपरिहार्य छ । 'युवा एग्रो उद्यमी' कार्यक्रममार्फत सहुलियत ऋण, स्टार्टअप अनुदान, कृषि बिमा, प्रविधि पहुँच र बजार सुनिश्चितता उपलब्ध गराउन सकिए कृषि क्षेत्रमा नयाँ पुस्ताको आकर्षण बढाउन सकिन्छ । कृषिलाई सम्मानित र आयमूलक पेसाका रूपमा स्थापित नगरेसम्म केवल नाराले मात्र युवालाई खेतबारीमा फर्काउन सकिँदैन । कृषि शिक्षालाई व्यावहारिक बनाउने, कृषि स्नातकलाई उत्पादन र उद्यमसँग जोड्ने तथा निजी क्षेत्रलाई कृषि उद्योगमा लगानी गर्न आकर्षित गर्ने नीति आवश्यक छ । सरकारले हालै सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषि क्षेत्रमा 'प्याकेज प्रणाली' र 'एग्रिटेक'को अवधारणालाई प्राथमिकतासाथ अघि सारिएको छ । विशेषगरी वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने उद्देश्यसहित ल्याइएको यो अवधारणा सकारात्मक संकेतका रूपमा लिन सकिन्छ । यदि यी कार्यक्रमहरू कागजमा मात्र सीमित नभई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिए कृषि क्षेत्रमा प्रविधिमैत्री, व्यावसायिक र उद्यमशील युवाको सहभागिता बढ्न सक्छ । आशा गरौं, यसले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई साँच्चिकै कृषि पेसातर्फ आकर्षित गर्दै कृषि क्षेत्रलाई आधुनिक, उत्पादनमुखी र आत्मनिर्भर बनाउन ठोस योगदान पुऱ्याओस् ।

रैथाने बाली र जैविक उत्पादनको सम्भावना : नेपालको भौगोलिक विविधता कृषि उत्पादनका दृष्टिले ठूलो सम्भावना हो । दाङको तिल्की चामल, कपिलवस्तुको कालानमक चामल, कास्कीको जेठो बुढो चामल, जुम्लाको मार्सी चामल, चितवन र दाङको तोरीको तेलजस्ता रैथाने उत्पादनको संरक्षण, ब्रान्डिङ र बजारीकरण गर्न सकिए स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ । यी त केवल केही प्रतिनिधिमूलक उदाहरणमात्र हुन् । यस्ता सम्भावना र स्थानीय विशेषता देशभर छरिएर रहेका छन्, जसको समयमै पहिचान, संरक्षण, प्रवर्द्धन र बजारीकरण गर्न जरुरी छ ।

स्थानीय उत्पादनलाई भूगोल, संस्कृति र बजारसँग जोड्न सकिए कृषि क्षेत्रले आर्थिक समृद्धिसँगै स्थानीय पहिचानलाई समेत बलियो बनाउन सक्छ । यसका अलावा, विश्वव्यापी रूपमा जैविक उत्पादनप्रति आकर्षण बढिरहेका बेला नेपालले यस क्षेत्रमा प्रतिस्पर्धात्मक लाभ लिन सक्छ । विषादीको अत्यधिक प्रयोग नगर्ने परम्परागत खेती प्रणालीलाई वैज्ञानिक व्यवस्थापनसँग जोड्न सकिए नेपाली जैविक उत्पादनले अन्तर्राष्ट्रिय बजारसमेत पाउन सक्छ ।

कृषि उत्पादनलाई उद्योग र बजारसँग जोड्नुपर्छ : नेपालको कृषि क्षेत्रको अर्को ठूलो समस्या 'उत्पादनपछि के गर्ने ?' भन्ने हो । किसानले उत्पादन गरेपछि उचित भण्डारण, प्रशोधन र बजारको व्यवस्था नहुँदा लागतसमेत उठाउन कठिन हुन्छ । त्यसैले कृषि उत्पादनलाई प्रशोधन उद्योगसँग जोड्नु अत्यावश्यक छ । स्थानीय स्तरमै प्रशोधन केन्द्र स्थापना गरेर उत्पादनमा 'भ्यालु एड' गर्न सकिए रोजगारी सिर्जना हुनुका साथै किसानको आम्दानी पनि बढ्न सक्छ ।

दूधबाट चीज, फलफूलबाट जुस, आलुबाट चिप्स, धानबाट प्याकेज्ड चामलजस्ता प्रशोधित उत्पादनले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सक्छन् । त्यसैगरी, कृषि सहकारी, संकलन केन्द्र, चिस्यान केन्द्र, नियमित हाटबजार र कृषि ढुवानी प्रणालीको विकास गर्न आवश्यक छ । न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा लागू नगरेसम्म किसानले उत्पादनको उचित मूल्य पाउने अवस्था बन्दैन ।

सिँचाइ र पूर्वाधारमा दीर्घकालीन लगानी आवश्यक : नेपालका धेरै खेतीयोग्य जमिन अझै पनि आकाशेपानीको भरमा छन् । वर्षैभरि सिँचाइ उपलब्ध नहुँदा उत्पादन क्षमता सीमित भएको छ । सरकारले नीतिगत व्यवस्थामै उल्लेख गरेअनुसार एकीकृत सिँचाइ आयोजना, भूमिगत तथा सतही पानीको संयोजनात्मक उपयोगमार्फत वर्षभरि सिँचाइ सेवा उपलब्ध गराउने कुरालाई उच्च प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । दुर्भाग्यवश, राष्ट्रिय गौरवका धेरै आयोजना वर्षौंदेखि अधुरै छन् । एउटै सिँचाइ आयोजना पूरा गर्न दशकौं लाग्नु कृषि क्षेत्रप्रतिको राज्यको कमजोर प्राथमिकताको उदाहरण हो । यसका साथै कृषि विकासका लागि आवश्यक पूर्वाधार, जस्तै कृषि सडक, भण्डारण तथा चिस्यान केन्द्र, संकलन केन्द्र र कृषि बजार प्रणालीको सुदृढीकरण अत्यन्त आवश्यक छ ।

वितरणमुखी होइन, उत्पादनमुखी नीति आवश्यक : पछिल्ला वर्षमा धेरै स्थानीय तहहरूले किसानलाई निःशुल्क बिउ वितरणलाई मुख्य कार्यक्रम बनाएका छन् । विपद् प्रभावित वा अति विपन्न किसानका लागि यस्तो सहयोग आवश्यक हुन सक्छ । तर उत्पादन योजना, अनुगमन र क्षमता विकासबिना हरेक वर्ष सबैलाई समान रूपमा बिउ बाँड्ने अभ्यासले आत्मनिर्भरभन्दा परनिर्भर मानसिकता बढाउने जोखिम छ ।

'पालिकाले दिने हो' भन्ने सोच विस्तार हुँदै जाँदा किसानमा आफ्नै बिउ संरक्षण, उत्पादन र व्यवस्थापन गर्ने संस्कार कमजोर बन्दै गएको छ । दीर्घकालीन रूपमा यसले उत्पादनशीलताको भन्दा अनुदानमुखी संस्कृतिको विस्तार गर्ने खतरा बढाउँछ । कृषि विकास भनेको केवल बिउ बाँड्नु होइन; उत्पादन, प्रविधि, सिँचाइ, भण्डारण, प्रशोधन र बजारसम्मको सम्पूर्ण प्रणालीलाई सुदृढ बनाउनु हो । त्यसैले अब स्थानीय तहहरूले वितरणमुखी कार्यक्रमभन्दा उत्पादनमुखी, सीपमुखी र क्षमता विकासमुखी कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।

यसका लागि -

- स्थानीय स्तरमा 'सामुदायिक बिउ बैंक' स्थापना गरी बिउ संरक्षण र आदान-प्रदानको व्यवस्था गर्नुपर्छ ।
- बिउ उत्पादन गर्ने किसान समूहलाई प्रोत्साहन र बजार सुनिश्चितता दिनुपर्छ ।
- स्थानीय एग्रोभेट र किसानबीच सहकार्य बढाउनुपर्छ ।
- जैविक तथा रैथाने बिउ उत्पादकलाई विशेष प्रोत्साहन दिनुपर्छ ।
- नर्सरी विकास, प्राविधिक तालिम र रोग व्यवस्थापन कार्यक्रम विस्तार गर्नुपर्छ ।
- अनुदानलाई उत्पादन र परिणामसँग जोड्नुपर्छ ।
- जंगली जनावरको समस्या भएका क्षेत्रमा संरक्षण र नियन्त्रणको व्यवस्था गर्नुपर्छ ।

निष्कर्ष : नेपालको कृषि संकट केवल उत्पादनको संकट होइन, यो नीति, बजार, पूर्वाधार र श्रम व्यवस्थापनसँग जोडिएको संरचनागत संकट हो । त्यसैले कृषि आत्मनिर्भरता केवल नाराबाट सम्भव छैन । उत्पादनदेखि बजारसम्मको सम्पूर्ण प्रणाली सुधार गर्ने दीर्घकालीन राजनीतिक प्रतिबद्धता आवश्यक छ । नेपालमा कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन आधुनिक प्रविधि, वैज्ञानिक खेती प्रणाली, सिँचाइ सुविधा, कृषि अनुसन्धान, उत्पादन-आधारित अनुदान र प्रभावकारी बजार व्यवस्थापन आवश्यक छ । किसानलाई समयमै गुणस्तरीय बिउ, मल, उपकरण र बजार उपलब्ध गराउन सकिए उत्पादन उल्लेख्य रूपमा बढाउन सकिन्छ ।

यान्त्रिकीकरण, हरितगृह खेती, व्यावसायिक तरकारी तथा फलफूल उत्पादन, कृषि प्रशोधन उद्योग र जैविक उत्पादनलाई प्राथमिकतामा राख्दै कृषि क्षेत्रलाई उद्यमशील र प्रतिस्पर्धी बनाउनुपर्छ । राज्यले कृषि क्षेत्रलाई केवल जीविकोपार्जनको माध्यम होइन, राष्ट्रिय अर्थतन्त्रको रणनीतिक आधारका रूपमा हेर्नुपर्छ । दीर्घकालीन नीति, प्रभावकारी कार्यान्वयन, निजी क्षेत्रको लगानी र युवाको सहभागितामार्फत मात्र नेपाल कृषि क्षेत्रमा आत्मनिर्भर बन्न सक्छ ।

-बेल्वासे, समाजशास्त्री हुन् ।


**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

समृद्ध नेपाल, सुखी नेपाली❑ दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# कङ्गोमा इबोला प्रकोप : विश्व स्वास्थ्य संगठनद्वारा संकटकाल घोषणा

***किन्शासा-*** कङ्गो लोकतान्त्रिक गणतन्त्रमा तीव्र रूपमा फैलिएको घातक इबोला सङ्क्रमणले अन्तर्राष्ट्रिय चिन्ता बढाएपछि विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले आइतबार 'विश्वव्यापी सार्वजनिक स्वास्थ्य सङ्कटकाल' घोषणा गरेको छ।

हालसम्म ८० भन्दा बढीको ज्यान लिइसकेको यो प्रकोप सीमापार फैलिन सक्ने जोखिम बढ्दै जाँदा विश्व स्वास्थ्य क्षेत्र पुनः उच्च सतर्कतामा पुगेको हो । अझ चिन्ताजनक पक्ष, फैलिएको 'बुन्डिबुग्यो' प्रकारको इबोलाविरुद्ध अहिलेसम्म कुनै प्रभावकारी खोप उपलब्ध छैन ।

रुवान्डा समर्थित एम२३ विद्रोही समूहको नियन्त्रणमा रहेको पूर्वी कङ्गोको प्रमुख सहर गोमामा सङ्क्रमण पुष्टि भएपछि अवस्था थप संवेदनशील बनेको छ। अत्यधिक जनघनत्व भएको गोमामा सङ्क्रमण देखिएसँगै यो प्रकोप कङ्गोभित्र सीमित नरही क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्कटमा रूपान्तरण हुन सक्ने चेतावनी स्वास्थ्य निकायहरूले दिएका छन् । अफ्रिका रोग नियन्त्रण तथा रोकथाम केन्द्रका अनुसार हालसम्म ८८ जनाको मृत्यु भइसकेको छ भने ३३६ वटा शङ्कास्पद सङ्क्रमणका घटना दर्ता भएका छन् । सङ्क्रमणको वास्तविक दायरा अझै स्पष्ट नभएको भन्दै अधिकारीहरूले सङ्क्रमितको सङ्ख्या अझ धेरै हुन सक्ने अनुमान गरेका छन् ।

कङ्गोको राष्ट्रिय जैविक अनुसन्धान संस्थानका निर्देशक प्राध्यापक जीन-ज्याक मुयेम्बेले एएफपीसँग कुरा गर्दै गोमामा एउटा सङ्क्रमण पुष्टि भएको जानकारी दिए ।

उनका अनुसार सङ्क्रमित महिला बुनियामा इबोलाबाट मृत्यु भएका पुरुषकी पत्नी हुन् । पतिमा सङ्क्रमण पुष्टि भएपछि उनी गोमा पुगेकी थिइन्, जहाँ परीक्षणपछि उनमा पनि सङ्क्रमण पुष्टि भएको हो ।



विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोस अधानोम गेब्रेयससले सङ्क्रमण तीव्र रूपमा फैलिरहेको अवस्थाप्रति गहिरो चिन्ता व्यक्त गर्दै यो अवस्थालाई 'अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य सङ्कटकाल' घोषणा गरिएको बताए । यद्यपि उनले हालको अवस्थाले अझै पूर्ण 'महामारी' को स्तर भने नपुगेको स्पष्ट पारे ।

जेनेभास्थित विश्व स्वास्थ्य सङ्गठनले अहिले आफ्नो दोस्रो उच्च सतर्कता लागू गरेको छ । सङ्गठनका अनुसार सङ्क्रमित व्यक्तिको वास्तविक सङ्ख्या र सङ्क्रमण फैलिएको भौगोलिक क्षेत्रबारे अझै ठूलो अनिश्चितता कायम छ । चिकित्सा सहायता संस्था 'डाक्टर्स विदआउट बोर्डर्स' अर्थात् एमएसएफले सङ्क्रमणको फैलावटलाई 'अत्यन्त चिन्ताजनक' भन्दै ठूलो स्तरको स्वास्थ्य प्रतिकार योजना अघि बढाइरहेको जनाएको छ । कङ्गोका स्वास्थ्यमन्त्री सामुएल-रोजर कम्बाका अनुसार यो प्रकोप निम्त्याउने बुन्डिबुग्यो प्रकारको इबोलामा मृत्युदर अत्यन्त उच्च छ, जुन ५० प्रतिशतसम्म पुग्न सक्छ । यो प्रकार पहिलो पटक सन् २००७ मा पहिचान गरिएको थियो । अधिकारीहरूका अनुसार यही सङ्क्रमणले छिमेकी युगान्डामा पनि एक कङ्गोली नागरिकको ज्यान लिइसकेको छ । सङ्क्रमण फैलिन सक्ने जोखिम बढेपछि युगान्डाले आइतबार वार्षिक शहीद दिवस तीर्थयात्रा स्थगित गर्ने घोषणा गरेको छ । उक्त धार्मिक कार्यक्रममा सामान्यतया पूर्वी कङ्गोबाट हजारौँ श्रद्धालु सहभागी हुने गर्दछन् । हाल उपलब्ध इबोला खोपहरू भने केवल 'जाइर' प्रकारको भाइरसविरुद्ध मात्र प्रभावकारी मानिन्छन् । सन् १९७६ मा पहिचान गरिएको उक्त प्रकारको इबोलामा मृत्युदर ६० देखि ९० प्रतिशतसम्म पुग्ने गरेको छ ।

अफ्रिका रोग नियन्त्रण तथा रोकथाम केन्द्रका अनुसार पछिल्लो सङ्क्रमण पहिलो पटक उत्तरपूर्वी कङ्गोको इटुरी प्रान्तमा पुष्टि भएको थियो । युगान्डा र दक्षिण सुडानको सीमासँग जोडिएको यो क्षेत्र अहिले सङ्क्रमणको मुख्य केन्द्र बनेको छ । स्वास्थ्यमन्त्री कम्बाका अनुसार पहिलो सङ्क्रमित एक नर्स थिइन्, जसले अप्रिल २४ मा इटुरी प्रान्तको राजधानी बुनियास्थित स्वास्थ्य केन्द्रमा ज्वरो, रक्तस्राव र बान्ताजस्ता लक्षणसहित उपचारका लागि सम्पर्क गरेकी थिइन् । पछि परीक्षण गर्दा उनमा इबोला सङ्क्रमण पुष्टि भएको थियो । इबोलाका मुख्य लक्षणमा उच्च ज्वरो, शरीरभित्र तथा बाहिरी रक्तस्राव, कमजोरी, वान्ता र अङ्ग विफलता समावेश छन् । सङ्क्रमित व्यक्ति लक्षण देखिएपछि मात्र अरूमा सङ्क्रमण फैलाउन सक्षम हुने विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । भाइरस सङ्क्रमित व्यक्तिको रगत वा शारीरिक तरल पदार्थको सम्पर्कबाट सर्ने गर्दछ । यसको इन्क्युबेसन अवधि २१ दिनसम्म हुन सक्छ ।

फ्रान्सभन्दा चार गुणा ठूलो भूभागमा फैलिएको कङ्गोमा कमजोर यातायात र सञ्चार पूर्वाधारका कारण स्वास्थ्य सामग्री तथा चिकित्सक परिचालन ठूलो चुनौती बनेको छ । दुर्गम क्षेत्रमा सङ्क्रमण केन्द्रित भएकाले धेरै नमूनाको परीक्षणसमेत हुन सकेको छैन । तर विश्व स्वास्थ्य सङ्गठनले प्रारम्भिक परीक्षणमा उच्च दरमा सङ्क्रमण पुष्टि भइरहेको, दुई देशमा सङ्क्रमण फैलिसकेको तथा शङ्कास्पद घटनाहरू निरन्तर बढिरहेकाले अहिले देखिएकोभन्दा धेरै ठूलो प्रकोप हुन सक्ने चेतावनी दिएको छ । सङ्गठनले यसबाट स्थानीय मात्र नभई, क्षेत्रीय र विश्वव्यापी जोखिम उत्पन्न हुन सक्ने जनाएको छ ।

कङ्गोमा यसअघि पनि इबोलाका धेरै प्रकोप देखिएका छन् । यो देशमा पुष्टि भएको यो १७औँ इबोला प्रकोप हो । गत वर्ष अगस्टमा देखिएको अर्को प्रकोप डिसेम्बरमा नियन्त्रणमा आएको घोषणा गरिए पनि त्यस क्रममा कम्तीमा ३४ जनाको मृत्यु भएको थियो । पछिल्ला ५० वर्षमा इबोलाले अफ्रिकामा करिब १५ हजार मानिसको ज्यान लिइसकेको छ । सन् २०१८ देखि २०२० सम्म कङ्गोमा फैलिएको सबैभन्दा घातक प्रकोपमा मात्रै झण्डै दुई हजार ३०० जनाको मृत्यु भएको थियो ।

चमेरोबाट उत्पत्ति भएको विश्वास गरिने इबोलाले शरीरमा गम्भीर रक्तस्राव, अङ्ग विफलता तथा तीव्र शारीरिक क्षति पुऱ्याउँछ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विभिन्न प्रकोपमा यसको मृत्युदर २५ प्रतिशतदेखि ९० प्रतिशतसम्म पुगेको देखिएको छ । रासस

## पक्राउ......

दिव्या रानी, जीतपुर सिमरा उपमहानगरपालिका-८ निवासी २५ वर्षीया निशा भारती तथा अर्की ५७ वर्षीया निशा देवी रहेका छन् । उनीहरूमाथि अभद्र व्यवहार सम्बन्धी मुद्दामा अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले हाल स्थिति नियन्त्रणमा रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

घटनापछि बजार क्षेत्रमा तेस्रोलिङ्गी समूहसँग सम्बन्धित गतिविधिबारे स्थानीय व्यापारी तथा सर्वसाधारणले विभिन्न गुनासोसमेत गरेका छन् । केही व्यापारीहरूले बजार क्षेत्रमा जबर्जस्ती रकम माग्ने, दुर्व्यवहार गर्ने तथा सार्वजनिक स्थानमा अशोभनीय गतिविधि हुने गरेको आरोप लगाएका छन् । यद्यपि यस्ता आरोपहरूको स्वतन्त्र पुष्टि भने हुन सकेको छैन । स्थानीयवासीहरूले बजार क्षेत्रमा सुरक्षा निगरानी थप प्रभावकारी बनाउन तथा सार्वजनिक शान्ति कायम गर्न प्रशासनले दीर्घकालीन समाधान खोज्नुपर्ने माग गरेका छन् । प्रहरीले भने सामाजिक संवेदनशीलतालाई ध्यानमा राख्दै कानुनी दायराभित्र रहेर आवश्यक कारबाही गरिने जनाएको छ ।

## हुलाकी........

सम्बन्धसमेत प्रभावित भएको स्थानीय बताउँछन् । बिरामीलाई अस्पताल पुऱ्याउन, विद्यार्थीलाई विद्यालय पुग्न तथा कृषिजन्य सामग्री बजारसम्म लैजानसमेत समस्या हुने गरेको गुनासो छ । स्थानीयवासीका अनुसार निर्माण कम्पनीको लापरबाही, नियामक निकायको कमजोर अनुगमन तथा प्रशासनिक उदासीनताका कारण योजना सुरुदेखि नै विवादमा पर्दै आएको छ । पटक-पटक सम्बन्धित निकाय तथा जनप्रतिनिधिलाई ध्यानाकर्षण गराइए पनि ठोस प्रगति हुन नसकेको उनीहरूको भनाइ छ ।

हुलाकी राजमार्ग निर्देशनालय र निर्माण व्यवसायीबीच समन्वय अभाव, प्राविधिक समस्या तथा ठेक्का व्यवस्थापनको कमजोरीका कारण काम वर्षौंदेखि रोकिएको बताइन्छ । स्थानीयले अब पनि ढिलासुस्ती सह्य नहुने चेतावनी दिँदै तत्काल निर्माण कार्य सुचारु गरी पुल सम्पन्न गर्न सरकारसँग माग गरेका छन् ।

## राष्ट्रिय........

सामाजिक कार्य, कला, मनोरञ्जन तथा अन्य सेवा क्षेत्रका व्यवसाय तथा प्रतिष्ठानहरू आर्थिक गणनामा समावेश गरिने जनाइएको छ ।

स्थानीय तहहरूले आर्थिक गणनाबाट देशको आर्थिक संरचना, उत्पादन, रोजगारी, लगानी तथा व्यवसायिक अवस्थाबारे यथार्थ तथ्याङ्क प्राप्त हुने बताएका छन् । यसबाट उद्योग तथा व्यवसायमैत्री नीति निर्माण, विकास योजना तर्जुमा, आर्थिक सम्भावनाको पहिचान, लगानी प्रवर्द्धन तथा आर्थिक गतिविधिको प्रभावकारी विश्लेषणमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

त्यस्तै, आर्थिक गणनाले देशको कुल गार्हस्थ उत्पादनमा विभिन्न आर्थिक क्षेत्रको योगदान पहिचान गर्न तथा रोजगारीको वास्तविक अवस्था चित्रण गर्न मद्दत पुग्ने उल्लेख गरिएको छ । लगानीकर्तालाई सही तथ्याङ्क उपलब्ध गराएर आर्थिक क्षेत्रलाई थप विश्वसनीय र व्यवस्थित बनाउन समेत आर्थिक गणना उपयोगी हुने जनाइएको छ । अनुरोध पत्रमा संकलित सम्पूर्ण विवरण गोप्य रहने र तथ्याङ्क ऐन-२०७९ अनुसार केवल तथ्याङ्कीय प्रयोजनका लागि मात्र सामूहिक रूपमा प्रयोग गरिने स्पष्ट पारिएको छ । यसले उद्योगी तथा व्यवसायीलाई निडर भएर सही विवरण उपलब्ध गराउन सहज वातावरण निर्माण गर्ने स्थानीय तहहरूको विश्वास रहेको छ ।

सिम्रौनगढ नगरपालिका र बारागढी गाउँपालिकाले राष्ट्रिय आर्थिक गणना-२०८२ सफल बनाउन स्थानीय उद्योगी, व्यापारी, सेवा प्रदायक, व्यवसायी तथा सम्पूर्ण सरोकारवालाबाट सक्रिय सहयोग, समन्वय र सहभागिताको अपेक्षा गरेका छन् ।

# परोहामा मोटरसाइकल दुर्घटनाः चालकको मृत्यु दुई बालक घाइते

***शु.आ. सम्बाददाता***
***रौतहट, ०४ जेठ***

रौतहटको परोहा नगरपालिकामा सोमबार दिउँसो भएको एक दुःखद मोटरसाइकल दुर्घटनामा परी एक युवकको ज्यान गएको छ भने दुई जना बालक घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटले दिएको जानकारी अनुसार परोहा नगरपालिका-६ बसन्तपट्टी चौकस्थित हुलाकी सडकखण्डमा दिउँसो करिब १ बजेको समयमा दुर्घटना भएको हो । कोपवाबाट फतुवातर्फ जाँदै गरेको मधेश प्रदेश ०५-००१-प ०१८८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकमै पल्टिएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक बारा जिल्लाको बारागढी गाउँपालिका-३ मुर्कीपालिया बस्ने २२ वर्षीय मुकेश मुखियाको मृत्यु भएको छ । उनको अनुहार र टाउकोमा गम्भीर चोट लागेको थियो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार घाइते मुखियालाई तत्काल उपचारका लागि वीरगञ्जस्थित मेट्रो सिटी अस्पताल पठाइएको थियो । अस्पतालमा उपचारकै क्रममा अपराह्न ३ बजे चिकित्सकले उनलाई मृत घोषित गरेका हुन् ।

दुर्घटनामा मोटरसाइकलको पछाडि सवार रौतहटको राजपुर नगरपालिका-



२ निवासी रामजी मुखियाका दुई छोराहरू घाइते भएका छन् । घाइते हुनेमा १० वर्षीय शिवजी मुखिया र ८ वर्षीय सुजित मुखिया

उनीहरूको शरीरका विभिन्न भागमा चोट लागेको छ । प्रहरीका अनुसार घाइते बालकहरूको अवस्था हाल मध्यम रहेको र उनीहरूको पनि वीरगञ्जस्थित मेट्रो सिटी अस्पतालमै उपचार भइरहेको छ ।

घटनास्थलमा खटिएको प्रहरी टोलीले मुचुल्का तयार गरी थप अनुसन्धान अगाडि बढाएको छ । मृतक मुखियाको शव हाल अस्पतालमै राखिएको र कानुनी प्रक्रिया पूरा गरी परिवारलाई बुझाउने तयारी भइरहेको प्रहरीले जनाए । हुलाकी सडकखण्डमा पछिल्लो समय तीव्र गतिका कारण सवारी दुर्घटना बढ्दै गएको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् । प्रहरीले चालकहरूलाई संयमित भएर सवारी चलाउन समेत आग्रह गरेको छ ।

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**


## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने विषयवस्तु

१. जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति (जग्गाधनी) बुझेर सो जग्गा निजको हकभोगमा छ/छैन प्रष्ट हुनुहोस ।
२. कित्ताको मोठ, श्रेष्ता, जग्गाधनीको फोटो, तीनपुस्ते विवरण भिडे नभिडेको एकिन गर्नुहोस ।
३. जग्गाको प्रकृति (रैकर, गुठी) के हो ? प्रष्ट हुनुहोस ।
४. जग्गामा मोही कायम रहे/नरहेको विवरण फिल्डबुक तथा मालपोतको अभिलेखमा हेरी प्रष्ट हुनुहोस ।
५. कुनै अड्डा / अदालत वा अन्य कुनै कार्यालयले जग्गा रोक्का राखे नराखेको वा जग्गामा विवाद रहे/नरहेको एकिन गर्नुहोस ।
६. किताकाट गरी लिनुपर्दा जमिन तथा नक्सा बमोजिम कुन तर्फ कति क्षेत्रफल लिने हो एकिन गर्नुहोस ।
७. जग्गामा गरेको हकभोगको आकार र क्षेत्रफल नक्सा बमोजिम मिल्छ / मिल्दैन एकिन गर्नुहोस ।
८. नक्शा, लालपुर्जा र जमिनको क्षेत्रफल मिल्छ / मिल्दैन एकिन गर्नुहोस ।
९. जग्गा र नक्शामा प्रष्टरुपमा बाटो रहे/नरहेको बुझ्नुहोस ।
१०. कित्तामा विवाद रहे/नरहेको बुझ्न जमिनमा गई सँधियारबाट बुझ्नुहोस ।
११. नक्सा बमोजिम जमिनमा चारैतर्फ सिमाना एकिन गरी रेखाङ्कन गर्नुहोस ।
१२. खरिद गर्न लागिएको जग्गा स्थानीय तहको बर्गीकरण बमोजिम कुन वर्गमा पर्छ एकिन गर्नुहोस ।
१३. घर टहरा वा अन्य स्थायी संरचना जमिनमा भएकोमा सोको स्वामित्व हस्तान्तरण हुने भए लिखतमा खुलाउनुहोस ।
१४. अंशियार, हकवाला / मोहीको सम्बन्धमा बुझी लिखतमा साक्षी राख्नु पर्ने अवस्थामा लिखत पारित गर्दा साक्षी राख्नुहोस ।
१५. पारित लिखत संशोधन प्रकृया लामो, कानुनी हिसाबले झन्झटिलो हुने हुँदा लिखत पारित हुनु अगावै माथि उल्लेखित कुराहरुमा ध्यान दिई ढुक्क रहनुहोस ।

मालपोत कार्यालय, सिम्रौनगढ बारा



सुरक्षित पर्यावरणको माध्यमबाट किराको ब्यस्थापन गरौं ।
आ^नो स्वस्थ्य बचाउ ।
उत्पादन बढाउ ।।
प्रसौनी गाउँपालिका
प्रसौनी, बारा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# नगरप्रमुखद्वारा शिक्षकमाथि हातपात गरेको आरोप, विद्यालयद्वारा छानबिन र कारबाहीको माग

*शु. आ. सम्बाददाता*
*रौतहट, ०४ जेठ*

रौतहटको बौधीमाई नगरपालिकाका नगरप्रमुखमाथि एक शिक्षकमाथि दुर्व्यवहार, गालीगलौज तथा हातपात गरेको आरोप लागेको छ। घटनाप्रति गम्भीर आपत्ति जनाउँदै सम्बन्धित विद्यालयले विज्ञप्ति जारी गरी निष्पक्ष छानबिन तथा दोषीमाथि कारबाहीको माग गरेको छ।



बौधीमाई नगरपालिका-८ स्थित शंकर माध्यमिक विद्यालय, सरमुज्वामा कार्यरत स्थायी शिक्षक रामबाबु यादवमाथि नगरप्रमुखबाट अभद्र व्यवहार भएको भन्दै विद्यालय प्रशासनले सार्वजनिक रूपमा विरोध जनाएको हो। विद्यालयका अनुसार प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षक यादवमाथि गत वैशाख २९ गते मंगलबार नगरपालिका कार्यालयमै दुर्व्यवहार र हातपात भएको थियो। पीडित शिक्षकले वैशाख ३० गते विद्यालय प्रशासनलाई घटनाबारे मौखिक जानकारी गराएपछि विषय सार्वजनिक भएको विद्यालयले जनाएको छ। त्यसपछि विद्यालयका प्रधानाध्यापक संजय जयसवालद्वारा हस्ताक्षरित प्रेस विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना गरिएको हो।

विद्यालयद्वारा जारी विज्ञप्तिमा शिक्षकमाथि भएको भनिएको व्यवहारले शिक्षा क्षेत्रसँग आबद्ध शिक्षक, कर्मचारी, विद्यार्थी तथा अभिभावकहरूलाई स्तब्ध र दुःखी बनाएको उल्लेख गरिएको छ। "शिक्षा क्षेत्रजस्तो संवेदनशील क्षेत्रमा कार्यरत राष्ट्रसेवक कर्मचारीमाथि हुने यस्ता हिंसात्मक र अमर्यादित व्यवहारले समाजमा नकारात्मक सन्देश प्रवाह गर्छ," विज्ञप्तिमा भनिएको छ।

विद्यालय प्रशासनले घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन माग गरेको छ। साथै पदीय मर्यादा र जिम्मेवारीको ख्याल नगरी शिक्षकको आत्मसम्मानमाथि चोट पुर्‍याउने कुनै पनि गतिविधि स्वीकार्य नहुने चेतावनी समेत दिइएको छ।

पत्र संख्या २०८२/०८३ तथा चलानी मिति २०८३/०२/०४ उल्लेख गरिएको उक्त विज्ञप्तिमा शिक्षक तथा कर्मचारीको सुरक्षाप्रति सम्बन्धित निकाय गम्भीर हुनुपर्ने आवश्यकता औंल्याइएको छ।

घटनाबारे सम्बन्धित निकायबाट थप प्रतिक्रिया आउन बाँकी रहेको भए पनि यस विषयमा कानुनी प्रक्रिया अगाडि बढ्ने तयारी भइरहेको बुझिएको छ। पछिल्लो समय रौतहटमा जनप्रतिनिधि र शिक्षक तथा कर्मचारीबीच विवाद र टकरावका घटना सार्वजनिक हुन थालेपछि स्थानीय तहको कार्यशैली र प्रशासनिक व्यवहारमाथि समेत प्रश्न उठ्न थालेको छ।

# पर्साको छिपहरमाईबाट ८७ किलो गाँजा बरामद, तस्करको खोजी तीव्र

शु.आ. सम्बाददाता
पर्सा, ०४ जेठ

पर्साको ग्रामीण क्षेत्रमा लागूऔषध नियन्त्रण अभियानअन्तर्गत सशस्त्र प्रहरी बलले ठूलो परिमाणमा गाँजा बरामद गरेको छ। जिल्लाको छिपहरमाई गाउँपालिका-४ तुलसी बर्वास्थित ओरिया खोलाको किनारमा रहेको खेतबाट लुकाइछिपाइ राखिएको अवस्थामा ८७ किलो गाँजा बरामद गरिएको हो।



प्रहरीका अनुसार गाँजा गहुँको भुसले छोपेर खेतभित्र लुकाइ राखिएको अवस्थामा फेला परेको थियो। विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट (बिओपी) भिस्वाबाट सशस्त्र प्रहरी निरीक्षक अर्जुन दाहालको कमान्डमा खटिएको गस्ती टोलीले आइतबार राति करिब १० बजे सर्च अभियान सञ्चालन गरेको थियो। सोही क्रममा खेतभित्र शंकास्पद वस्तु जाँच गर्दा ठूलो परिमाणमा गाँजा फेला परेको सशस्त्र प्रहरीले जनाएको छ।

बरामद गरिएको गाँजा आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप अनुसन्धानका लागि नेपाल प्रहरीलाई बुझाइएको छ। घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी कार्य तीव्र पारिएको सुरक्षा स्रोतले जनाएको छ। लागूऔषध कारोबारमा संलग्न गिरोहको नेटवर्क पत्ता लगाउन सीमावर्ती तथा ग्रामीण क्षेत्रमा निगरानी समेत बढाइएको बताइएको छ।

पछिल्लो समय पर्साका ग्रामीण बस्ती तथा भारतसँग जोडिएका सीमावर्ती क्षेत्रमा लागूऔषध कारोबारको गतिविधि बढ्दै गएको सुरक्षा निकायको निष्कर्ष छ। विशेषगरी खोलानाला, खेत तथा वैकल्पिक ग्रामीण बाटो प्रयोग गरी लागूऔषध ओसारपसार हुने गरेको सूचनाका आधारमा सुरक्षा निकायले नियमित सर्च तथा निगरानी अभियान सञ्चालन गरिरहेको जनाएको छ।

सशस्त्र प्रहरी बल पर्साका प्रमुख एसपी मोहनबहादुर क्षेत्रीले लागूऔषध नियन्त्रणलाई प्राथमिकतामा राखेर सीमावर्ती क्षेत्रदेखि ग्रामीण बस्तीहरूसम्म विशेष अभियान सञ्चालन गरिरहेको बताइएको छ। उनको नेतृत्वमा पछिल्लो समय लागूऔषध, तस्करी तथा अन्य अवैध गतिविधिविरुद्ध निरन्तर अपरेशन सञ्चालन हुँदै आएको सुरक्षा स्रोतले जनाएको छ।

सुरक्षा निकायका अनुसार पर्सामा शहरी क्षेत्रसँगै ग्रामीण क्षेत्रमा पनि लागूऔषध कारोबारको जालो फैलाउने प्रयास भइरहेकाले त्यसलाई नियन्त्रण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीय प्रशासनबीच समन्वय बढाइएको छ। सशस्त्र प्रहरीको सक्रियतापछि पछिल्ला दिनमा ठूलो परिमाणमा लागूऔषध बरामद हुने क्रम बढ्दै गएको देखिएको छ।

स्थानीयवासीले पनि ग्रामीण क्षेत्रमा सुरक्षा निगरानी बढेसँगै अवैध गतिविधिमा केही कमी आउन थालेको बताएका छन्। प्रहरीले लागूऔषध नियन्त्रणमा समुदायको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै शंकास्पद गतिविधिबारे तत्काल सूचना दिन सर्वसाधारणसँग आग्रह गरेको छ।

# बिजुली-पानी भुक्तानीको माग गर्दै मौलापुर नगरपालिकामा तालाबन्दी

*शु. आ. सम्बाददाता*
*रौतहट, ०४ जेठ*

विभिन्न सामाजिक सेवा तथा सुविधा निरन्तरता दिनुपर्ने माग गर्दै रौतहटको मौलापुर नगरपालिकामा स्थानीयवासीले आन्दोलन सुरु गरेका छन्। संघर्ष समितिको नेतृत्वमा आइतबार स्थानीयहरूले नगरपालिका कार्यालय घेराउ गर्नुका साथै तालाबन्दी गर्दै चर्का नाराबाजी गरेका हुन्।




मौलापुर नगरपालिकाले विगतदेखि उपलब्ध गराउँदै आएको बिजुली-पानीको भुक्तानी तथा छोरीको विवाहमा प्रदान गरिने आर्थिक सहयोगलाई निरन्तरता दिनुपर्ने माग राख्दै स्थानीयवासी आन्दोलनमा उत्रिएका हुन्। आन्दोलनकारीहरूले बिजुली, पानी तथा विवाह सहयोगको बाँकी रकम तत्काल निकासा गर्न माग गरेका छन्। संघर्ष समितिले यसअघि नै सार्वजनिक गरेको आन्दोलन कार्यक्रमअनुसार आइतबार नगरपालिका कार्यालयमा तालाबन्दी गरिएको हो। आन्दोलनका क्रममा स्थानीयहरूले "बिजुली-पानीको भुक्तानी रोक्ने षड्यन्त्र बन्द गर", "छोरीको विवाह सहयोग तुरुन्त देउ", "जनविरोधीहरू होशियार", "मौलापुरको बदनामी स्वीकार्य छैन", "अनैतिक गठबन्धन मुर्दावाद" लगायतका नाराबाजी गरेका थिए।

संघर्ष समितिका संयोजक भोला पाण्डेले नगरपालिकाले वर्षौंदेखि प्रदान गर्दै आएको आधारभूत तथा सामाजिक सेवा रोक्ने प्रयास भएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको बताए। उनले नगरवासीले पाउँदै आएको सेवा तत्काल सुचारु गर्नुपर्ने माग गर्दै आन्दोलन अझ सशक्त बनाइने चेतावनी दिए।

आन्दोलनकारीहरूले यसअघि वैशाख १५ गते प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएको पनि बताएका छन्। टोलटोलमा अन्तरक्रिया, हस्ताक्षर संकलन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिए पनि मागको सुनुवाइ नभएकाले आन्दोलनलाई थप कडा बनाइएको उनीहरूको भनाइ छ।

स्थानीयवासीका अनुसार नगरपालिकाले नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित सेवा विगतमा नियमित रूपमा उपलब्ध गराउँदै आएको थियो। तर पछिल्लो समय नयाँ प्रमुख प्रशासकीय अधिकृत आएपछि ती सेवा रोक्ने प्रयास गरिएको आरोप उनीहरूले लगाएका छन्।

आन्दोलनकारीहरूले प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) नेतृत्वको संघीय सरकारले पठाएका प्रमुख प्रशासकीय अधिकृत सुरेशबाबु घिमिरे विभिन्न बहाना बनाएर नगरबासीले वर्षौंदेखि पाउँदै आएको सेवा रोक्न र लोकप्रिय कार्यक्रम हटाउन खोजिरहेको आरोप समेत लगाएका छन्।

यता मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले नगरपालिकाले विगतदेखि नै बिजुली, पानीलगायतका केही सेवा निःशुल्क रूपमा उपलब्ध गराउँदै आएको बताइन्। ती सेवाहरूलाई निरन्तरता दिन आफूहरू सकारात्मक रहेको तर भुक्तानी प्रक्रियामा प्रमुख प्रशासकीय अधिकृतबाट अवरोध सिर्जना भएको कारण समस्या उत्पन्न भएको उनको भनाइ छ।

स्थानीय आन्दोलनका कारण नगरपालिकाको सेवा प्रवाह प्रभावित बनेको छ भने घटनाले मौलापुर नगरपालिकाको आन्तरिक प्रशासनिक विवाद सतहमा आएको देखिएको छ।

# बरवा-इमृति नदी पुल शिलान्यास सम्पन्न, वर्षायामको आवतजावत समस्या समाधान हुने अपेक्षा

*शु.आ. सम्बाददाता*
*कलैया, ०४ जेठ*

बाराको कलैया उपमहानगरपालिका वडा नम्बर २७ स्थित बरवा-इमृति नदी पुल निर्माण कार्यको शिलान्यास सम्पन्न भएको छ। पूर्व मन्त्री ज्वाला कुमारी साहले एक विशेष कार्यक्रमबीच उक्त पुल निर्माणको औपचारिक शिलान्यास गर्नुभएको हो।



स्थानीयवासीको लामो समयदेखिको मागलाई सम्बोधन गर्दै निर्माण हुन लागेको यो पुलले विशेषगरी वर्षायाममा नदी तर्ने क्रममा हुने कठिनाइ तथा जोखिमपूर्ण आवतजावतको समस्या समाधान गर्ने अपेक्षा गरिएको छ। शिलान्यास कार्यक्रममा बोल्दै पूर्व मन्त्री साहले पुल निर्माणले स्थानीय विकासलाई गति दिने मात्र नभई जनजीवनलाई सहज र सुरक्षित बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा वडा अध्यक्ष अशोक कुमार तिवारी, वडा सदस्य आलमहमद अन्सारी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला सचिव अमृत शर्मा बाजगाई, प्रधानाध्यापक अजय तिवारी लगायत स्थानीय जनप्रतिनिधि, समाजसेवी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो।

त्यसैगरी कार्यक्रममा दुवारिका सहनी, देवन राम, बदरी चौधरी, साधु मण्डल, रमेश सहनी, बृजकिशोर चौधरी, बालचन कुशवाहा, बीरेन्द्र मण्डल, सरोज जयसवाल, शंकर महतो लगायत स्थानीय अगुवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

वडा अध्यक्ष अशोक कुमार तिवारीका अनुसार आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयबाट विनियोजित बजेटमार्फत पूर्वाधार विकास कार्यालय कलैया, बाराद्वारा उक्त पुल निर्माण कार्य अघि बढाइएको हो। वर्षौंदेखि जीर्ण अवस्थामा रहेको नदी पार गर्ने संरचनाका कारण स्थानीय बासिन्दाले भोग्दै आएको समस्या समाधान गर्ने उद्देश्यले पुनःनिर्माण प्रक्रिया सुरु गरिएको उनले बताए। स्थानीय समाजसेवी अजय कुमार तिवारीले पुल निर्माणले लामो समयदेखि अवरुद्ध हुँदै आएको सहज आवतजावत पुनः स्थापित गर्ने विश्वास व्यक्त गर्दै यसले शिक्षा, स्वास्थ्य, व्यापार तथा सामाजिक पहुँच विस्तारमा समेत सकारात्मक प्रभाव पार्ने बताए। करिब १ करोड रुपैयाँको लागतमा निर्माण हुन लागेको उक्त पुलले स्थानीय बासिन्दाको दैनिक जीवनयापन सहज बनाउनुका साथै क्षेत्रीय विकास, व्यापारिक गतिविधि तथा सामाजिक सम्बन्ध विस्तारमा समेत महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। कार्यक्रममा सहभागी वक्ताहरूले विकास निर्माणका यस्ता योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन भएमा ग्रामीण क्षेत्रको समग्र विकासमा दीर्घकालीन सकारात्मक प्रभाव पर्ने धारणा राखेका थिए।

**फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं।

**फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा**

**समाजिक सञ्जालको दुरुपयोग नगरौं।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - बृन्दाबन नगरपालिका